# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# गभर्नर डा. नेपालद्वारा मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १६ गते आयोजित एक समारोह बीच आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा सार्वजनिक गर्नुभयो ।




सो समारोहमा गभर्नर डा. नेपालले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षाको सारांश प्रस्तुत गर्दै आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति जारी भए पश्चात्को ६ महिनाको अवधिमा आन्तरिक र विश्व अर्थतन्त्रमा विकसित घटनाक्रम, नीतिगत पहल तथा परिदृश्यलाई समेटी अर्द्धवार्षिक समीक्षा तयार गरिएको बताउनु भयो । मधेश आन्दोलन र सीमा नाका अवरोधबाट औद्योगिक उत्पादन, सार्वजनिक खर्च तथा निजी क्षेत्रको कर्जा लगानी अपेक्षित रुपमा विस्तार हुन नसक्दा ६ प्रतिशतको अपेक्षित आर्थिक वृद्धिदर हासिल हुन कठिन देखिएको पनि उहाँले उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले आपूर्ति अवरोधका कारण मूल्यमा थप दवाव सिर्जना हुन गई वार्षिक विन्दुगत मुद्रास्फीति दर २०७२ पुसमा १२.१ प्रतिशत पुगेको, मुलुकको शोधनान्तर रु. १३९ अर्ब ७५ करोड बचतमा रहेको, विदेशी विनिमय संचिति रु. ९८८ अर्ब पुगेको, विस्तृत मुद्रा प्रदायको वार्षिक विन्दुगत वृद्धि २३.५ प्रतिशत रहेको र कुल आन्तरिक कर्जाको वृद्धिदर वार्षिक विन्दुगत आधारमा १३.१ प्रतिशत रहेको जानकारी पनि सो अवसरमा दिनुभयो । उहाँले खुलाबजार कारोबारका विभिन्न उपकरण मार्फत् पटक-पटक गरी रु. ३०५ अर्ब तरलता प्रशोचन गरिएको तथा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.६८ प्रतिशत तथा अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ०.२६ प्रतिशत रहेको पनि बताउनु भयो । वित्तीय क्षेत्रको कानूनी, नियामकीय सुधारका लागि नेपाल राष्ट्र बैंक ऐन र बैंकिङ कसुर तथा सजाय ऐनको संशोधन प्रस्ताव एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन प्रतिस्थापन गर्न बनेको नयाँ विधेयक उपर संसदमा छलफल जारी रहेको गभर्नर डा. नेपालले उल्लेख गर्नुभयो । पूर्वाधार बैंक स्थापनाका लागि अनुमति दिने सम्बन्धमा विशेष नीतिगत व्यवस्था तयार गर्न एक कार्यदल गठन भएको बताउँदै उहाँले बासेल-३ को प्रावधानमा आधारित नयाँ पुँजी पर्याप्तता संरचना, २०१५ जारी गरिएको र भुक्तानी तथा फछ्र्यौट ऐनको मस्यौदा तयारीको क्रममा रहेको जानकारी दिनुभयो ।

भूकम्प पश्चात् आवासीय घर क्षतिग्रस्त भएका सर्वसाधारणलाई पुनर्निर्माणका लागि २ प्रतिशत ब्याजदरमा बैंक तथा वित्तीय संस्थाहरु मार्फत उपलब्ध गराउन जारी गरिएको कर्जा व्यवस्थालाई थप विस्तार गरी लघुवित्त संस्थाहरुबाट समेत प्रति ग्राहक रु. ३ लाखसम्म

कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको, नियामकीय सहुलियत सम्बन्धी विभिन्न निर्देशनहरु जारी गरिएको, आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ अनुरुप ब्याज अनुदान तथा पुनरकर्जा सुविधा व्यवस्था कार्यान्वयनमा ल्याइएको पनि गभर्नर डा. नेपालले जानकारी दिनुभयो । क्षेत्रीय स्तरमा वित्तीय क्षेत्र समन्वय संयन्त्रको निर्माण अगाडि बढाइएको, भारतबाट भित्रिने विप्रेषण कारोबार सरल र सहज बनाउन भारतीय रिजर्व बैंकसँग द्विपक्षीय समन्वय संयन्त्र निर्माण कार्य अगाडि बढाइएको उहाँले उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले आगामी दिनमा मौद्रिक व्यवस्थापन र तरलता व्यवस्थापन कार्य चुनौतीपूर्ण रहने बताउनु भयो । चालू आर्थिक वर्षको औषत उपभोक्ता मुद्रास्फीति दर ९.५ प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान गर्दै उहाँले मुद्राप्रदायको वृद्धिदर २१.५ प्रतिशत हुने संशोधित अनुमान पेस गर्नुभयो । आपूर्ति व्यवस्थासँग सम्बन्धित समस्याहरु सुधारोन्मुख रहेका कारण वैदेशिक व्यापार सुचारु हुने, लगानीको वातावरणमा सुधार आई कर्जा प्रवाह विस्तार हुने, पुनर्निर्माणले गति लिने, पुँजीगत खर्च वृद्धि हुने र यसबाट समग्र आर्थिक गतिविधिमा सुधार आउने धारणा व्यक्त गर्नुभयो ।



सो समारोहमा सहभागीहरुले उठाएको जिज्ञासाहरुलाई पनि गभर्नर डा. नेपालले सम्बोधन गर्नुभयो । कार्यविधि सरल गरिएकाले भूकम्प पीडितलाई दिइने २ प्रतिशत ब्याजदरको कर्जाको उपयोग विस्तारै बढ्दै जाने आशा व्यक्त गर्दै उहाँले सहकारीको नियमन छुट्टै संयन्त्रमार्फत अगाडि बढाइने जानकारी दिनुभयो । लघुवित्त संस्थाहरूको पुँजी वृद्धिको प्रावधान चाँडै ल्याइने प्रष्ट पार्दै उहाँले नेपाली मुद्राको अवमूल्यन अन्तर्राष्ट्रिय कारणले भएको बताउनु भयो ।

समारोहमा नेपाल राष्ट्र बैंकको सञ्चालक समितिका सदस्यहरु, कार्यकारी निर्देशकहरु, बैंकर्स संघ, विकास बैंक एसोसिएशन, निजी क्षेत्र र पत्रकारहरु लगायतको उपस्थिति थियो । अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले समारोहको सञ्चालन गर्नु भएको थियो ।

**२०७२ फागुन १६, आईतबार**

**गभर्नरको कार्यालय**